# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, साउन २० गते २०४५ साल (अतिरिक्ताङ्क २३ (क)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

**राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ (दफा १८ अन्तर्गत) को आदेश, २०४५**

श्री ५ महाराजाधिराजका हजूरमा राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को दफा १८ अनुसार समितिले राजपरिवारसमेतको हरेक आर्थिक वर्ष दाखिला हुने खर्चमा वृद्धि सम्बन्धमा चढाएको सिफारिश प्रतिवेदनमा मौसूफबाट वाञ्छनीय ठहराइबक्सेका कुराहरू सो ऐनको दफा १८ को उपदफा (३) अनुसार देहायबमोजिम आदेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को आदेश, २०४५" रहेको छ ।

(२) यो आदेश २०४५ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. समितिको सिफारिश प्रतिवेदन अनुसार दाखिला हुने वृद्धिः राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को दफा १८ बमोजिम समितिले यही आर्थिक वर्षदेखि लागू हुने गरी रकम वृद्धि गरेको सिफारिश प्रतिवेदन अनुसार देहायका विषयमा देहाय बमोजिमको रकम प्रत्येक आर्थिक वर्ष दाखिला हुनेछः–

३. श्री ५ महाराजाधिराजका हजूरमा हुने दाखिला :

| | |
|---|---|
| श्री ५ महाराजाधिराजका हजूरमा दाखिला हुने रू. | ४८,००,०००।– |
| नेपाली डबल असर्फी थान | २५ |
| नेपाली पातला असर्फी थान | २५ |

243

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री ५ बडामहारानीका हजूरमा हुने दाखिलाः

श्री ५ महाराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. १२,००,०००।–

५. श्री ५ युवराजाधिराजका हजूरमा हुने दाखिलाः

श्री ५ महाराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. १२,००,०००।–

६. श्री ५ युवराज्ञीका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. ३,००,०००।–

– तर श्री ५ युवराजाधिराजको जीवनकालपछि ७५% प्रतिशतले रू. ९,००,०००।–

७. श्री ५ मुमा बडामहारानीका हजूरमा हुने दाखिलाः

श्री ५ महाराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. २४,००,०००।–

८. श्री ५ जिज्यू मुमा बडामहारानीका हजूरमा हुने दाखिलाः

श्री ५ महाराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. २४,००,०००।–

९. श्री ५ नवयुवराजका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. ६,००,०००।–

१०. श्री ५ नवयुवराज्ञीका हजूरमा हुने दाखिलाः

श्री ५ नवयुवराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. १,५०,०००।–

– तर श्री ५ नवयुवराजका जीवनकालपछि ७५% प्रतिशतले रू. ४,५०,०००।–

११. श्री ५ अधिराजकुमारका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. ६,००,०००।–

३२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. श्री ५ बुहारी अधिराजकुमारीका हजूरमा हुने दाखिलाः

(अ) श्री ५ अधिराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. १,५०,०००।–

(आ) बण्डा भई अलग्ग राज भै बक्सेको भए उपरोक्त दफा १२ (अ) को २५% प्रतिशत श्री ५ अधिराजकुमारीका हजूरमा दाखिला हुनेछैन ।

– तर श्री ५ अधिराजकुमारको जीवनकालपछि

(क) श्री ५ अधिराजकुमारसंगै राज भै बक्सेको भए श्री ५ अधिराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ७५% प्रतिशतले रू. ४,५०,०००।–

(ख) बण्डा भई अलग्ग राज भै बक्सेको भए श्री ५ अधिराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. ३,००,०००।–

१३. श्री ५ छोरी अधिराजकुमारीका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. ३,००,०००।–

१४. श्री ५ युवराजकुमारका हजूरमा हुने दाखिला :

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. ३,००,०००।–

१५. श्री ५ बुहारी युवराजकुमारीका हजूरमा हुने दाखिलाः

(अ) श्री ५ युवराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५% प्रतिशतले रू. ७५,०००।–

(आ) बण्डा भई अलग्ग राज भै बक्सेको भए उपरोक्त दफा १५ को (अ) को २५% प्रतिशत श्री ५ युवराजकुमारीका हजूरमा दाखिला हुनेछैन ।

– तर श्री ५ युवराजकुमारको जीवनकालपछि

(क) श्री ५ युवराजकुमारसंगै राज भै बक्सेको भए श्री ५ युवराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ७५% प्रतिशतले रू. २,२५,०००।–

(ख) बण्डा भई अलग्ग राज भै बक्सेको भए श्री ५ युवराजकुमारका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५०% प्रतिशतले रू. १,५०,०००।–

345



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. श्री ५ छोरी युवराजकुमारीका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको १२.५० % प्रतिशतले रू. १,५०,०००।–

१७. श्री ५ शाहज्यादाका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५ % प्रतिशतले रू. ३,००,०००।–

१८. श्री ५ बुहारी शाहज्यादीका हजूरमा हुने दाखिलाः

(अ) श्री ५ शाहज्यादाका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको २५ % प्रतिशतले रू. ७५,०००।–

(आ) बण्डा भई अलग्ग राज भै बक्सेको भए उपरोक्त दफा १८ को (अ) को २५ % प्रतिशत श्री ५ शाहज्यादीका हजूरमा दाखिला हुनेछैन ।

– तर श्री ५ शाहज्यादाको जीवनकालपछि

(क) श्री ५ शाहज्यादासंगै राज भै बक्सेको भए श्री ५ शाहज्यादाका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ७५ % प्रतिशतले रू. २,२५,०००।–

(ख) बण्डा भई अलग्ग राज भै बक्सेको भए श्री ५ शाहज्यादाका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको ५० % प्रतिशतले रू. १,५०,०००।–

१९. श्री ५ छोरी शाहज्यादीका हजूरमा हुने दाखिलाः

श्री ५ युवराजाधिराजका हजूरमा प्रत्येक आर्थिक वर्ष दाखिला हुने रकमको १२.५० % प्रतिशतले रू. १,५०,०००।–

२०. राजपरिवार खर्च व्यवस्था ऐनको दफा १४, दफा १६ को उप-दफा (ख) र दफा १८ को उप-दफा (४) बमोजिमको राजदरबार प्रशासन खर्चमा समय समयमा थप हुने रकम समेत ।

२१. खारेजः श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ को (दफा १८ अन्तर्गत) को आदेश, २०४१ खारेज गरिएको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

३२६



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।